श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं. १८

माननीय न्यायाधीश श्री सुर्यनाथप्रकाश अधिकारी

माननीय न्यायाधीश श्री नारायणप्रसाद सुवेदी

**आदेश**

रिट नं. ०८२-WO-१११४

विषयः उत्प्रेषण समेत।

पियोर ईनर्जी लि. ........................................................................................ निवेदक

विरुद्ध

अर्थ मन्त्रालय सिंहदरवार समेत .................................................................... विपक्षी

अन्तरिम आदेश सम्बन्धमा छलफल प्रयोजनको लागि पेश भएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट बहसका लागि उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री महेश थापा, विद्वान अधिवक्ताहरु श्री नारायण चौलागाई, श्री स्वीकृति ठाकुर, श्री रेजिना पौडेल, श्री आस्था पौडेल एवं विपक्षी धितोपत्र वोर्डवाट विद्वान अधिवक्ता श्री किरण पौडेल, विपक्षी सिडिएस एण्ड क्लियरिङ लिमिटेड तर्फवाट विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा, श्री डा. चन्द्रकान्त ज्ञवाली, विद्वान अधिवक्ताहरु श्री शार्दुल थापा, श्री प्रविन पन्दाक तथा विपक्षी अर्थ मन्त्रालयको तर्फबाट उच्च सरकारी वकिल कार्यालय पाटनबाट तर्फबाट उपस्थित हुनु भएका विद्वान उपन्यायाधिवक्ता श्री रविन्द्र राज कटुवालले गर्नुभएको वहस समेत सुनियो।

यसमा निवेदक पियोर इनर्जी लि.ले च.नं. १११ मिति २०८२/०१/१२ गतेको पत्रमा १६,००,००० कित्ता सर्वसाधारण शेयर मात्र हितग्राहीको खातामा जम्मा गर्नको लागि निवेदन मार्फत माग गरेको देखिई सोही वमोजिम संस्थापक बाहेकका शेयर हितग्राहीहरुको खातामा जम्मा गर्ने गरी निर्णय भई निवेदक कम्पनीका सर्वसाधारण शेयरलाई International Securities Identification Number (ISIN) प्रदान गरिएको सिडिएस एण्ड क्लियरिङ लि.को च.नं. २३७३ मिति २०८२/०१/२६ को पत्रवाट देखिन्छ। साथै निवेदक कम्पनीको च.नं. ११२ मिति २०८२/०१/१२ को पत्रबाट संस्थापकहरुको शेयरहरु मिति २०८५/०१/१० सम्मको लागि Lockin कायम गरिदिनु भनी विपक्षी सिडिएस एण्ड क्लियरिङ लिमिटेडवाट पत्राचार गरेको देखिन्छ। रिट निवेदनमा निवेदक कम्पनीले जारी तथा बाँडफाड गरेको बाँकी ६४,००,०००/- शेयरहरुलाई फरक ISIN प्रदान नगर्नु नगराउनु तथा अविलम्व अभौतिकीकरण गर्नु गराउनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने

CamScanner

माग गरेको र उक्त अन्तरिम आदेश माग गरेको विषय प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय हुँदा निरोपण हुने प्रकृतिको देखिँदा निवेदकको माग बमोजिम हाल अन्तरिम आदेश जारी गरिरहन परेन। विषय वस्तुको प्रकृति दृष्टिगत गर्दा प्रस्तुत रिट निवेदनलाई अग्राधिकारमा राखी सुनुवाई गर्नु वाञ्छनीय देखिएकोले उच्च अदालत नियमावली, २०७३ को नियम ८४(३) बमोजिम अग्राधिकार प्रदान गरीदिएको छ। नियमानुसार गर्नु।

न्यायाधीश न्यायाधीश

इति सम्वत २०८२ माघ ०६ गते रोज ३ शुभम् ...............................................।